# CCS ELEVATE

## BUCKEYE MIDDLE SCHOOL

नवेम्बर २०२३ मा कलम्बस सिटी स्कूल्सले आफ्ना सुविधाहरूको स्तरवृद्धि गर्ने र तिनीहरूको पदचिह्न कम गर्ने वाचा गर्दै १०० मिलियन डलर ($१०० मिलियन) लेवी पारित गर्न कलम्बसका मतदाताहरूको अत्याधिक समर्थनकालागि धन्यवाद। यस लेवी सङ्कलनको लक्ष्य भनेको सबै विद्यार्थीहरूकालागि उच्च गुणस्तरको शिक्षा प्रदान गर्ने जिल्लाको मिशनलाई समर्थन गर्नु हो। बोर्ड नीति ७१०५ अनुसार, सुपरिटेन्डेन्टले फेब्रुअरी २०२४ को शुरुमा डिस्ट्रक्टका सुविधाहरूको पुनर्संरचनाको मूल्याङ्कन गर्न सामुदायिक सुविधा कार्यदल गठन गर्यो। सो कार्यदल विविध पृष्ठभूमि र अनुभव भएका व्यक्तिहरूको बन्छ।




यस कार्यदलले मंगलबार, मेई ७ तारिकका दिन शिक्षा बोर्डलाई प्रारम्भिक सिफारिसहरू प्रस्तुत गर्‍यो। यी सिफारिसहरू भवनहरूमा ग्रेड ब्यान्डको मानकीकरण, शैक्षिक र अतिरिक्त क्रियाकलापहरूमा पहुँच बढाउन, परिवार र विद्यार्थीहरूलाई समान सेवाहरू प्रदान गर्न र पहिले करदाताहरूको लगानीलाई सम्मान गर्न केन्द्रित थिए। यसको लक्ष्य भनेको प्रारम्भिक सिफारिसहरूमा समुदायको दृष्टिकोणलाई अझ राम्रोसँग बुझ्नु र खुला सम्वादको माध्यमबाट सहयोग बढाउनु हो। यसले डिस्ट्रिक्टको मिशनसँग सुविधाहरूको मास्टर प्लानलाई पङ्क्तिबद्ध गर्न र कलम्बस सिटी स्कूल्सको बुझाइ बढाउन मद्दत गर्नेछ।




सुपरिटेन्डेन्टको सामुदायिक सुविधा टास्क फोर्स शिक्षा बोर्डलाई बकआइ मिडिल स्कूल/Buckeye Middle School (१९६२ मा निर्मित) स्कूललाई बन्द गर्न सिफारिस गर्छ, र यस स्कूलका विद्यार्थीहरूलाई मेरियन-फ्रयांकलिन हाई स्कूलमा स्वागत गरेर मिडल र हाई स्कूलका कक्षा ६ देखि १२ सम्मका विद्यार्थीहरूलाई एउटै क्याम्पस (भवान) सिर्जना गरि राखिने छ।

**मेरियन- फ्रयाङ्कलिन हाई स्कूल (१९५१ मा सथापित) (Marion-Franklin High School)** ले १०१२ जना विद्यार्थीहरूलाई सेवा दिन सक्छ; यद्यपि, २०२३-२०२४ स्कूल वर्षमा मात्र ४०५ जना विद्यार्थीहरू भर्ना भएका छन्, जसको हालको उपयोग दर ४२% हुन आउँछ।

शहरको दक्षिणी भागमा अवस्थित बकआईमा हाल ३४० जना विद्यार्थी भर्ना भएका छन्। बकआई मिडल स्कूललाई मेरियन- फ्रयाङ्कलिन (Marion-Franklin) स्कूल साइटमा पुन: समायोजन गर्दा अपेक्षित ७०% उपयोगिताका साथ भवनको राम्रो प्रयोग हुनेछ। बकआई (Buckeye) बाट मेरियन- फ्रयाङ्कलिन (Marion-Franklin) मा विद्यार्थीहरू सार्दा बलियो शैक्षिक प्रस्तावहरू, एउटा थिएटर र एथलेटिक सुविधाहरू प्रदान गर्ने अवसरका साथ एउटा ठूलो भवन प्रदान गरिनेछ। यसले माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई संगीत, भाषण र बहस, प्रदर्शन कला र एथलेटिक्स जस्ता अतिरिक्त क्रियाकलापहरू प्रदान गर्नेछ।

The Columbus City School District does not discriminate based upon sex, race, color, national origin, religion, age, disability, sexual orientation, gender identity/expression, ancestry, familial status or military status with regard to admission, access, treatment or employment. This policy is applicable in all district programs and activities.

COLUMBUS CITY SCHOOLS